दुई

# नागरिकता र न्यायका लागि नवलपरासीका महिलाको संघर्ष

**सरस्वती शर्मा**

## परिचय

नेपालमा विभिन्न राजनीतिक तथा सामाजिक अभियानका बाबजुद पनि महिलामाथि हुने विभिन्न किसिमका हिंसा कायमै छन् । हिंसापीडित महिलाहरू न्यायको खोजीमा निस्कन्छन् । न्याय पाउन अनेक प्रक्रियागत चरण पार गर्नुपर्ने हुन्छ । नागरिकता नहुँदा ती प्रक्रियामा संलग्न हुनु नै उनीहरूको लागि समस्या बन्न पुग्छ । न्याय पाउन आफूमाथि भएको अन्याय विरुद्ध अदालतमा मुद्दा दायर गर्न जाँदा उनीहरूले अदालतभित्र प्रवेश नै पाउँदैनन् । अधिकांश महिला घरायसी कामकाज गर्ने हुँदा उनीहरूसँग नागरिकताको प्रमाणपत्र बाहेक आधिकारिक मानिने कुनै पनि परिचयपत्र हुँदैन । नागरिकताको प्रमाणपत्र एक यस्तो आधिकारिक परिचयपत्र हो जुन प्रत्येक ठाउँमा प्रयोगमा आउने गर्छ । नागरिकताले नै परिचयपत्रको काम गर्छ । तर परिचयपत्र नै नहुने महिलाहरूको न्याय प्राप्तिको प्रक्रिया नै अवरुद्ध बन्न पुग्छ । उनीहरूले आफूमाथि भएका हिंसा र अन्याय विरुद्ध लड्ने साहस गरे पनि नागरिकता नभएकै कारण यस प्रक्रियाको शुरूदेखि नै अनेक प्राविधिक र व्यावहारिक कठिनाइ झेल्नु परिरहेको छ ।

घरेलु हिंसाबाट मुक्त हुन नागरिकता विहीनताले झन् समस्या थपेको छ । गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयबाट परिचय खुलेको सिफारिसको आधारमा फिरादपत्र दायर गरी मुद्दालाई अघि बढाउनु परिरहेको छ । मुद्दाको फैसला पश्चात् जग्गा, जमिन, अंश पाए पनि वास्तविक न्याय पाएको महसुस गर्न पाएका छैनन् । नागरिकता नभएका

महिलाहरूको दैनिक जीवन कष्टकर छ। त्यसैले, दैनिक जीवनमा नागरिकताको महत्त्व छ। तर छोरीले विवाहभन्दा अगाडि बुबाआमासँग अंश दाबी गर्न सक्ने र अंश लिई विवाह गरेर जान सक्ने सम्भावनालाई नकार्न छोरीको नागरिकता नबनाइदिने गरिन्छ। कतिपय महिलाले भने आफ्नो अंश लिएका वा पाएका भए पनि नागरिकता नभएकै कारण त्यस माथिको स्वामित्व पाएका छैनन्।

विशेष गरी महिलालाई विश्वास गर्न नसकेको कारण परिवारले, खास गरी पुरुषले, महिलाको नागरिकता बनाइदिन नचाहेको देखिन्छ। महिलाले आफ्नो नाममा सम्पत्ति, जग्गा-जमिन राखे पनि त्यसको भोगचलन र परिचालन गर्न सक्दैनन् भन्ने परम्परागत दृष्टिकोण छ। महिलाको नाममा सम्पत्ति राख्नु सुरक्षित हुँदैन वा महिलाले त्यसको सुरक्षा र सदुपयोग गर्न सक्दैनन् भनेर उनीहरूको क्षमतामाथि अविश्वास गरिन्छ। अझ, महिलालाई नागरिकताको कामै पर्दैन भन्ने सोच छ। विवाहअघि सम्पूर्ण काम परिवारका पुरुष (बुबा, दाजुभाइ) ले गर्ने गर्छन्। विवाहपछि पति र पतिपछि छोराले ती सबै कामकाज गर्ने गर्छन्। महिलालाई एक सहयोगीको भूमिकामा मात्र सीमित पारिन्छ। त्यसैले, नेपालको नागरिक भएर पनि नागरिकता विहीन बनेका महिलाहरूले नागरिकता पाउनकै लागि निकै संघर्ष गर्नु परिरहेको छ।

नागरिकता नभएकै कारण नवलपरासी जिल्लाका महिलाको दैनिक जीवनमा धेरै समस्या छन्। यस क्षेत्रमा महिलाहरूमा घुँघट (घुम्टो) प्रथा कायमै छ। यस प्रथा अनुसार महिलाहरूले आफ्नो पतिलाई मात्र अनुहार देखाउन सक्छन् भन्ने विश्वास गरिन्छ। उनीहरू कुनै सरकारी वा गैरसरकारी कार्यालयजस्ता सार्वजनिक स्थलमा जाँदा परिवारका कुनै पुरुषको साथमा जानुपर्ने हुन्छ। पुरुषको साथबिना उनीहरू हिँड्न पनि नसक्ने बनाइएको छ जसले उनीहरूमाथि पुरुष नियन्त्रणलाई सघाएको छ। महिलाहरूलाई नागरिकता नबनाइदिएको खण्डमा नियन्त्रण गर्न सजिलो हुने पुरुष मानसिकता छ।

यसै पनि नागरिकतालाई राष्ट्रिय सार्वभौम सत्ता र भारतको खुला सीमासँग गाँसेर बुझ्ने गरिएको छ। नवलपरासी जिल्ला भारतसँग नेपालको नाका जोडिएकोले त्यहाँका महिलाको नागरिकतालाई राष्ट्रिय सार्वभौम सत्तासँग जोडेर हेर्ने गरिन्छ। यही हेराइले उनीहरूको नागरिकता बन्ने-बनाउने प्रक्रियामा थप जटिलता सिर्जना गरिदिएको छ। नागरिकता सम्बन्धी राष्ट्रिय बहस केवल कानूनी रूपमा छोराछोरीलाई नागरिकता बनाइदिने सवालमा महिला र पुरुषबीच विभेद भएको पक्षमा मात्र केन्द्रित छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाको जनजीविकामा नागरिकता विहीनताले पारेको असरबारे ध्यान गएको छैन।

नवलपरासी जिल्लाका नागरिकता विहीन महिलाहरूले नागरिकता नभएकै कारण पाएका दुःख-पीडा र नागरिकता पाउन गरेको संघर्षमा यो लेख केन्द्रित छ।

महिलामाथि हुने लैंगिक तथा घरेलु हिंसा विरुद्ध न्यायमा पहुँच पुऱ्याउन म एक अधिवक्ताको रूपमा सहयोगी भूमिका निर्वाह गर्दै आइरहेकी छु । हिंसाका घटना दर्ता गर्नेदेखि कानूनी रूपमा मुद्दा दायर गर्नुपर्ने हुनाले धेरै पीडित महिलाको नागरिकता नभएको तथ्यसँग म जानकार छु । नागरिकता नभएकै कारण उनीहरूले न्यायसम्म पहुँच राख्न नसकेको पीडादायी अवस्थासँग साक्षात्कार गरेकी छु । न्यायसम्म पहुँच राख्न उनीहरूले नागरिकता बनाउन नै निकै संघर्ष गर्नुपर्ने अवस्था छ । उनीहरूको त्यही संघर्षले यो लेख लेख्ने उत्प्रेरणा मिलेको हो ।

नेपाली बुबाआमाका सन्तान तथा नेपाली नागरिकको पत्नी अनि नेपालमै बस्ने भए पनि नागरिकता नपाएका महिलाहरूको कथा हो यो आलेख । नवलपरासी जिल्ला अदालतमा आफूमाथि भएको हिंसाको कानूनी परामर्श र उपचारका लागि आउने महिलाहरू र सम्बन्धित निकायका व्यक्ति सँगको अन्तर्वार्तामा यो अध्ययन आधारित छ । यो अध्ययनको लागि जम्मा १३ जना व्यक्तिसँग अन्तर्वार्ता गरिएको थियो । त्यस बाहेक अधिवक्ताको हैसियतले पीडितलाई कानूनी परामर्श र सेवा उपलब्ध गराउँदाको आफ्नै अनुभव र विश्लेषणलाई पनि अध्ययनमा समावेश गरेकी छु ।

## आर्थिक सशक्तीकरणको लागि नागरिकता

महिलाको नाममा अचल सम्पत्ति खरिद गर्दा राज्यलाई तिर्नु पर्ने राजस्वमा केही प्रतिशत छुट दिने व्यवस्था छ । त्यसले महिलाको नाममा सम्पत्ति राख्ने क्रम बढेको छ । तर आफ्नो नाममा भएको जग्गा महिलाले स्वेच्छाले वा स्वतन्त्र रूपमा भोगचलन वा बेचबिखन गर्न सक्ने अवस्था भने छैन । सम्पत्तिमा महिलाको पहुँच बढे पनि नियन्त्रण स्थापित भएको छैन । नवलपरासी जिल्लाको सन्दर्भमा भने छोरी वा पत्नीको नागरिकता बनाइदिएको खण्डमा जग्गा आफ्नो नाममा राख्न खोज्छन् भन्ने डर एकतिर रहेको छ । अर्कोतिर लामो संघर्ष पश्चात् अंश बापत जग्गा लिन पाउने वा जग्गा नलिएर अंश मूल्यांकन गरी रकम लिए पनि नागरिकताबिना त्यसलाई आफ्नो अनुकूल आफ्नै स्वामित्व र नियन्त्रणमा राख्न नसक्ने अवस्था छ । न्याय पाएपछि त्यसको उपभोग गर्न नपाउनु भनेको न्याय नपाए सरह नै हुन्छ । त्यसैले, नागरिकता विहीन व्यक्तिहरूको कानूनी पहुँच बढे पनि न्याय प्राप्त गर्न नागरिकता नभई नहुने कुरा हो ।

नवलपरासी जिल्लाको सुनवल नगरपालिकाकी सुस्मिता घिमिरे २७ वर्षकी छिन् । उनी घरेलु हिंसाबाट पीडित थिइन् । एक दिन (असार १५, २०७४) हिंसा विरुद्ध न्याय खोज्दै जिल्ला सदरमुकाम परासी आइन् । उनको कुर्ताको बाहुला च्यातिएको थियो । च्यातिएको भाग पछ्यौराले छोपेकी थिइन् । उनीसँग नागरिकता थिएन । उनी भन्छिन्, “घरपरिवारसँग मिलीजुली बस्दासम्म नागरिकताको आवश्यकता महसुस भएन । जब आवश्यकता पऱ्यो,

तब घरपरिवारले नागरिकता बनाइदिएन ।" अंश लिएर जान्छे भन्ने सोचेर उनका पति, सासू र ससुराले नागरिकता बनाइदिएनन् । सम्बन्ध विच्छेद र अंश मुद्दा दर्ता गर्न उनले आफ्नो जन्म दर्तालाई माध्यम बनाइन् । जन्म दर्ताको आधारमा उनले जिल्ला अदालतमा पतिसँग अंश सहितको सम्बन्ध-विच्छेद मुद्दा दायर गरिन् । उक्त मुद्दामा छलफल भई सम्बन्ध विच्छेद हुने गरी मिलापत्र गर्ने सहमति गरियो । सहमति अनुरूप सुस्मिताले अंश बापत ७ लाख रुपैयाँ पाइन् । तर उक्त रकम आफ्नो नाउँमा राख्न सकिनन् । नागरिकता नभएकोले बैंक खाता खोल्न मिलेन । अंश मुद्दामा पाएको रकम आफन्तको बैंक खातामा राखिन् ।

उनी बैंकमा सहयोगी पदमा जागिर गर्थिन् । वैवाहिक सम्बन्ध टुटे लगत्तै उनको जागिर पनि रहेन । नागरिकता नभएको कारण उनले आफ्नो जागिर बचाउन सकिनन् । जागिर गएपछि उनले नागरिकताको लागि संघर्ष गरिन् । सम्बन्ध विच्छेद गरेपछि बुबाआमाको नामबाट नागरिकता बनाउन गइन् । त्यसको लागि सम्बन्ध विच्छेदको कागजात आवश्यक थियो । पतिको बसोबास रहेको क्षेत्र अन्तर्गतको वडा कार्यालयमा गइन् । त्यहाँ डेरा गरी बसेकै कारण स्थायी ठेगानामा जानु भनियो । स्थायी ठेगाना भएको ठाउँमा जाँदा बसोबास गरिरहेको ठाउँमा जानु भनियो । यही ओहोर दोहोरको क्रम दोहोरिरह्यो ।

उनका बुबा र आमा दुवै जना नेपाली नागरिक हुन् । त्यस हिसाबले वंशजको आधारमा सुस्मिताले सहज रूपमा नागरिकता पाउनुपर्ने हो, तर उनले पाइनन् । एक वर्षपछि सुनवल नगरपालिका प्रमुखको आदेश अनुरूप "नागरिकताको सिफारिस दिनू" भने पश्चात् मात्रै उनले नागरिकता पाइन् । त्यसपछि उनले आफ्नो सम्पत्ति आफ्नै नाममा राख्न पाइन् । अहिले उनी एक सहकारी संस्थामा कार्यरत छिन् । आत्मनिर्भर भएर बाँचिरहेकी छिन् ।

सुस्मिता घिमिरेको जस्तै नवलपरासीका अधिकांश महिलाको नागरिकता विवाहभन्दा अगाडि बनाइँदैन । विवाहपछि सम्बन्ध राम्रो हुँदासम्म नागरिकताको पहल गरिँदैन । पति-पत्नी बीचको सम्बन्ध बिग्रेपछि वा घरपरिवारसँग सम्बन्ध नराम्रो हुँदै गएपछि नागरिकता बनाउन परिवारजन तयार हुँदैनन् । त्यसपछि महिलाहरूको नागरिकता प्राप्तिको संघर्ष शुरू हुन्छ ।

### *हिंसाबाट मुक्तिको लागि नागरिकता*

नवलपरासी जिल्ला प्रहरी कार्यालय (वर्दघाट सुस्ता पश्चिम) का प्रहरी नायब उपरीक्षक विरेन्द्र थापा भन्छन् :

> नागरिकताबिना हरेक व्यक्तिलाई आधिकारिक काममा समस्या पर्छ । घरेलु हिंसा, बहुविवाह जस्ता मुद्दामा प्रहरी कार्यालय आउने अधिकांश महिलासँग विवाह दर्ता र नागरिकता नै हुँदैन । त्यसैले मुद्दा दर्ता गर्न गाह्रो छ । मुद्दा चलाएर अदालतमा

पेश गर्न पनि व्यक्तिको वैधानिकता परीक्षण गर्नुपर्छ । त्यसको लागि पनि नागरिकता आवश्यक छ । नागरिकताबिना विवाह दर्ता गर्न पनि अप्ठेरो पर्छ । पीडित भएर आउने महिलाहरूसँग नागरिकता लगायतका यथेष्ट प्रमाण नहुँदा कारबाही अघि बढाउन अप्ठेरो परेको छ । किनभने नागरिकता नभएको खण्डमा हरेक व्यक्तिको व्यक्तित्व पहिचान गर्नमै असर पर्छ ।

महिलामाथि हुने घरेलु हिंसा र महिलाको नागरिकताबीच गहिरो सम्बन्ध छ । एकतिर, घरेलु हिंसा विरुद्ध बोल्ने आधारको रूपमा नागरिकताको प्रयोग गरिएला भन्ने त्रासका कारण महिलालाई नागरिकता विहीन राख्ने गरिएको छ । अर्कोतिर, महिलामाथि हिंसा बढाउनकै लागि पनि नागरिकतालाई हतियार बनाइएको छ । यी दुवै तरिकाबाट महिलामाथि मानसिक र शारीरिक हिंसा गर्ने गरिएको छ ।

रामग्राम नगरपालिकाकी लक्ष्मी कहार १९ वर्षकी भइन् । ३० वर्षीय मोहन कहारसँग १४ वर्षको उमेरमा उनको विवाह भयो । त्यस बखत उनी नाबालक थिइन् । २०७५ सालमा आएर उनीहरूको गौना गरियो । गौना भएकै भोलिपल्टदेखि उनी पतिको हिंसाको शिकार भइन् । पतिले जाँड-रक्सी सेवन गरी उनलाई कुटपिट र दुर्व्यवहार गर्न थाले । कुटपिटबाट बच्न लक्ष्मी भागेर माइत गइन् । बुबाले पुनः पतिकै घरमा फर्काइदिए । पतिको हिंसा र दुर्व्यवहार झन् बढ्दै गयो । अब हिंसाबाट बच्न उनीसँग जाने ठाउँ नै थिएन ।

यसैबीच एक परिचित व्यक्तिको घरमा सहयोगी कामदारको रूपमा उनले काम गर्न थालिन् । त्यहाँ पनि उनी बच्न सकिनन् । काम गरेकै ठाउँमा पति आएर गाली गर्दै, कुट्दै, हात समातेर तान्दै घरमा लैजाने गर्न थाले । पतिले "तँमाथि मेरो अधिकार छ" भनी अधिकारको नाममा हिंसा गरिरहेपछि लक्ष्मीले सम्बन्ध विच्छेद गर्ने आँट कसिन् । तर उनीसँग कुनै पनि खालको परिचयपत्र थिएन । रामग्राम नगरपालिकाबाट जन्म दर्ता लिएर त्यसैको आधारमा उनले नवलपरासी जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दायर गरिन् ।

सुस्ता गाउपालिकाकी जैबुन नेशा पनि घरेलु हिंसाबाट पीडित थिइन् । १३ वर्षको उमेरमा मुस्लिम परम्परा अनुसार उनको विवाह भएको थियो । विवाह भएको ६ महिनापछि पति आलम अलि अंसारी वैदेशिक रोजगारमा कतार गए । पतिको अनुपस्थितिमा घरपरिवारका सदस्यले हेला गर्न थाले । सासू, ससुरा र परिवारका अरू सदस्य समेत मिली गालीगलौज गर्न र स-साना कुरामा निहुँ खोज्न थाले । एकतिर, दैनिक खर्च दिन छाडेपछि आवश्यक खर्च चलाउन पनि समस्या हुन थाल्यो । अर्कोतिर, घरपरिवारको हिंसाबाट कसरी मुक्त हुने भन्ने उनको पिरलो थियो । बुबाआमासँग पैसा मागेर उनले पति आलम अलि अंसारीलाई फोन गरिन् । पतिले फोनमै "तलाक! तलाक! तलाक!" भनिदिए । मुस्लिम संस्कार अनुसार

तीन पटक "तलाक" भनेपछि सम्बन्ध विच्छेद हुन्छ भन्ने मान्यता छ । घरपरिवारकै सामुन्ने पतिले फोन मार्फत लाउडस्पिकरमा तीन पटक "तलाक" भनिदिएपछि सम्बन्ध विच्छेद भएको मानियो । उनलाई पतिको घरमा बस्न असहज भयो । माइती गएर बसिन् । पति कतारबाट फर्केपछि नवलपरासी जिल्ला अदालतमा जैबुनले सम्बन्ध विच्छेद मुद्दा दर्ता गरिन् । नागरिकताको प्रमाणपत्रको विकल्पको रूपमा तत्काल विवाह दर्ता गरियो । सोही कागजातको आधारमा सम्बन्ध विच्छेद मुद्दा दर्ता गरियो र सम्बन्ध विच्छेद भयो । सम्बन्ध विच्छेदपछि उनले अंश पाइन् । नागरिकता नभएकोले उनी अंश स्वरूप नगद लिन बाध्य भइन् । उक्त रकम पनि आफ्नो बुबाको नाममा राखिन् ।

नवलपरासी जिल्लामा बसोबास गर्ने सुस्मिता, लक्ष्मी, जैबुनजस्ता संघर्षशील महिलाहरू त केही प्रतिनिधि पात्र मात्रै हुन् जसले नागरिकता विहीन भएको कारण र नागरिकताको महत्त्वलाई बुझेर त्यसको माग गरेकै कारण अनेक खालका मानसिक तथा भौतिक यातना र हिंसाको शिकार हुनु परेको छ । विवाहपछि पतिको सनाखतबिना नागरिकता नबनाइदिने सरकारी प्रावधानका कारण पत्नीको नागरिकतामा पतिको पूर्ण नियन्त्रण रहेको छ । त्यसैको आडमा महिलामाथि घरेलु हिंसा, मानसिक र अन्य खालका शोषण एवं अत्याचार हुँदै आएको छ । हिंसाबाट मुक्त हुने प्रक्रियामा जो हिंसामा संलग्न छ उसैसँग नागरिकता बनाइदिन सनाखत गरी माग्न जानुपर्ने बाध्यात्मक अवस्था कायम राखिएको छ । त्यसले न्याय पाउनुभन्दा उनीहरू झन् शोषण र हिंसामा परेका छन् ।

अझ, यही हिंसाको भयावह अभिव्यक्तिको रूपमा नागरिकताकै कारण पतिले पत्नीको हत्या समेत गरेको तथ्य पनि छन् । उदाहरणको लागि, नागरिकता बनाइदिन अनुरोध गर्दा पतिले नमानेपछि मोफिदुन नेशाले प्रहरी महिला सेलमा उजुरी गरिन् । पतिले नागरिकता त बनाइदिए तर त्यसको एक महिनामै पत्नीको हत्या गरे (कान्तिपुर २०७० ) ।

### *नागरिकता पाउन पनि सम्बन्ध विच्छेद !*

नेपालको तराई र भारतको उत्तर प्रदेशको सांस्कृतिक रहनसहन मिल्दोजुल्दो छ । यी दुई देशबीच धेरै पहिलेदेखि आपसमा "रोटीबेटी" को सम्बन्ध रहिआएको छ । तर भारतबाट विवाह गरी ल्याइएका बुहारीहरूको नागरिकता बनाउनमा परिवारको रुचि देखिँदैन । सीमापारि भारतमा विवाह गरेर गएकी नेपाली महिलाले भारतको नागरिकता नलिइकन नेपालकै नागरिकता लिन चाहेको खण्डमा परिवारले सहयोग गरे पनि सम्बन्धित निकाय उदासीन छ । त्यसैले दुवै खालका महिलाले निकै संघर्ष गर्नु परेको छ ।

चन्दा कुमारी थारूको विवाह सानै उमेरमा भयो । भारतीय नागरिक राजेश थारूसँग उनको विवाह भएको थियो । विवाह पश्चात् पतिसँगै नेपालमा आएर उनी आफ्ना बुबाआमाको स्याहार-सुसार गरेर बसिरहेकी छन् । नवलपरासी जिल्लाको रामग्राम

नगरपालिकामा उनी परिवार सहित बस्छिन् । उनको सन्तान पनि यहीँ जन्मिए । तर उनी र उनका पतिको नागरिकता बनेको छैन । त्यसैले उनले बुबाआमाले दिएको जग्गा आफ्नो नाममा नामसारी गर्न पाएकी छैनन् । त्यसैले उनले नागरिकता बनाउन कानूनी उपाय खोज्न थालिन् । त्यसको लागि उनलाई पति राजेश थारूसँग सम्बन्ध विच्छेद गर्ने उपाय सुझाइयो । उनले सोही बमोजिम सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराइन् । नवलपरासी जिल्ला अदालतले उनीहरूको सम्बन्ध विच्छेद भएको फैसला गर्‍यो । त्यसपछि उनले बुबाआमाको नामबाट नागरिकता लिइन् । नेपालको नागरिकको रूपमा नागरिकता लिन उनले कानूनी रूपमा पतिसँग सम्बन्ध विच्छेद त गरिन्, तर व्यावहारिक तवरमा उनीहरू सँगै बस्दै आएका छन् ।

### *छोरा-छोरी बीचको विभेद न्यून गर्न नागरिकता*

सुरहिम मिया २०१० सालमा भारतबाट नेपाल आएका थिए । उनले सुनवल नगरपालिकामा साइकल बनाउने काम थाले । पहिलो पत्नीतर्फ दुई छोरा जन्मिएपछि उनकी पत्नीको मृत्यु भयो । त्यसपछि उनले नवलपरासीकै रामग्राम नगरपालिका बस्ने जैबुन नेशासँग दोस्रो विवाह गरे । जैबुन नेशा अहिले ७५ वर्ष पुगिन् । सुरहिम बितिसके । जैबुन र सुरहिमका दुई छोरी छन्, सविरन नेशा र नविरन नेशा । सविरन २०३६ सालमा र नविरन २०३९ सालमा सुनवल नगरपालिकामै जन्मिए । दुवै दिदी बहिनीको विवाह भारतमा भयो । तर दुवै जना नेपालमै आमासँगै बसोबास गर्छन् । सविरन पतिसँग सम्बन्ध राम्रो नभएपछि नाबालक छोरा लिएर माइती आइन् र यतै बस्न थालिन् । नविरन भने पतिको बसोबासको स्थायी ठेगाना नभएको हुँदा पति सहित नेपालमै आएर बस्न थालिन् ।

जैबुन नेशालाई भने सौताका छोराहरूबाट कुटपिट, हिंसा र असुरक्षाको स्थिति बढ्दै गयो । सौताका छोराहरूबाट बच्न उनी आफ्ना छोरीहरूसँग बस्न थालिन् । सविरन र नविरनले आमालाई आफूसँग राखेर हेरचाह गर्न थाले । आमासँग आफ्नो अंश सुरक्षित छ । छोरीहरूले पालनपोषण गरिरहेको हुँदा आफ्नो शेषपछि उनीहरूले नै आफ्नो अंशको जग्गा प्राप्त गरून् भन्ने जैबुनको इच्छा छ । अहिले नै आफ्नो अंश छोरीहरूलाई नामसारी गर्न सके ढुक्क भएर बस्न सकिने उनको सोच छ । त्यसको लागि उनीहरू मालपोत कार्यालय पुगे । तर सविरन र नविरनसँग नागरिकता नभएकोले प्रक्रिया शुरू हुन पाएन ।

नागरिकता वितरण गर्न नागरिकता टोली गाउँमै आयो । छोराछोरी सबैको उमेर पुगिसकेको भए पनि सुरहिमले श्रीमती जैबुन र छोराहरूको मात्रै नागरिकता बनाइदिएका थिए । छोरीलाई किन नागरिकता चाहियो भनेर सुरहिमले छोरीहरूको नागरिकता बनाउन मानेनन् । सुरहिमको मृत्यु पश्चात् दाजु र आमाले आपसमा अंशबण्डा गरे । त्यस बेला छोरीहरूको पनि नागरिकता बनाउनुपर्छ भन्ने कुरामा ध्यान नपुगेकोमा सविरन र नविरनकी

आमा अहिले पछुताइरहेकी छिन् । सविरनका छोरा अब्दुल कक्षा ११ मा पढ्दैछ । प्राविधिक शिक्षामा रुचि राखे पनि अब्दुल नागरिकता नहुँदा त्यो विषय पढ्नबाट वञ्चित भए । सविरनको आफ्नै नागरिकता नभएकोले छोराको नागरिकता बनाउन सक्ने अवस्था छैन । सविरन र नविरन पनि विवाह पश्चात् नेपालमै बस्न थालेको २० वर्ष नाघिसकेको छ । बुबाले गरेको साइकल मर्मतकै कामलाई नविरनको पतिले निरन्तरता दिएर उनीहरूको संयुक्त परिवार धान्दै आएका छन् ।

नागरिकताको सेरोफेरोमा भएका यी घटनाले महिलाहरू नागरिकताको अधिकारबारे पहिले सचेत नरहेको पुष्टि गर्छ । तर हिंसा विरुद्धको संघर्षले उनीहरूमा आत्मविश्वास र स्वपहिचानको चेतको विकास गराएको छ । सम्बन्ध विच्छेद गर्न पहिलो पटक सम्बन्धित निकायसम्म आइपुग्दा उनीहरूले अकल्पनीय पीडा र समस्या झेलिसकेका हुन्छन् । तैपनि उनीहरूसँग त्यसबारे निर्धक्कसँग बोल्न नसक्ने र निर्णायक कथन राख्न सक्ने क्षमतामा कमी भेटियो । घरबाहिर निस्केर राज्यका निकायसँग अन्तरक्रिया गर्दै, अधिकारको लागि संघर्ष गर्दै जाने क्रममा उनीहरूले आफ्नो पीडा पोख्ने शैली र माध्यम आफैले विकास गरे । आफ्नो पीडकसँग लड्ने क्षमता राखे, र घरपरिवारसँग आफ्नो हक अधिकार मागे । रातदिनको गालीगलौज र कुटपिटको जिन्दगीबाट मुक्त भएर अघि बढ्न थाले । तर नागरिकता नभएको कारण उनीहरूले पाएको अधिकार औपचारिक र कानूनी रूपमा मात्रै सीमित भइदियो ।

## नागरिकता : अधिकार या सहुलियत ?

नेपालको संविधान २०७२ को धारा १० मा, "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन" भन्ने उल्लेख छ । त्यसै गरी, धारा ११ (२)ख मा भनिएको छ, "कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बुबा वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति नेपालको नागरिक हुनेछ ।" संविधानमा जे लेखिएका भए तापनि यी व्यवस्था व्यवहारमा लागू हुन सकेको छैन । नागरिकता सम्बन्धी संघीय कानून बनाउन सक्ने कुरा संविधानमा उल्लेख छ, तर संघीय कानून नबनेसम्म नेपालको संविधान अनुरूपकै व्यवस्था लागू हुन्छ । हालको नागरिकता ऐन अनुसार नेपालको नागरिकता प्राप्त गर्न बुबा र आमा दुवै नेपालको नागरिक हुनु पर्दछ । त्यसैले महिलाले आफ्नो सन्तानलाई नागरिकता दिन सक्दैनन् । आमाको नामबाट पनि नागरिकता पाउनुपर्छ भन्ने विवाद र छलफल व्यापक चलिरहेको भए पनि कानूनी अड्चन अझै छ । संविधानले प्रदान गरेको हकलाई पनि कानूनले समेट्न सकेको छैन । महिलाले नागरिकता नपाएको कुरा तलको तथ्यांकबाट प्रस्ट हुन्छ ।

नवलपरासी जिल्ला प्रशासन कार्यालय (वर्दघाट सुस्ता पश्चिम) बाट २०६९ देखि २०७१ सालसम्म नागरिकता लिने मध्येमा महिलाको संख्या न्यून छ । २०७४ सालको स्थानीय निर्वाचन आसपास भने नागरिकता लिने महिलाको संख्या पुरुषको भन्दा बढी छ । यसको अर्थ हो, धेरैजसो उमेर पुगिसकेका महिलाले त्यसअघि नागरिकता लिएका थिएनन् । निर्वाचनमा मत खसाल्ने वा मत बटुल्ने प्रयोजनका लागि एकै चोटि धेरै संख्यामा उनीहरूको नागरिकता बनाइयो । त्यसमा महिलाको नागरिकता पाउने अधिकार सुनिश्चित गर्नेभन्दा पनि निश्चित राजनीतिक दलको निहित उद्देश्य पूर्तिले बढी काम गरेको स्पष्ट छ । नत्र अरू अवधिमा सबुत प्रमाण र सनाखतको अभाव हुने तर निर्वाचन आसपास भने त्यस्ता आवश्यक प्रमाण र कागजात जुट्न सक्ने अवस्था कसरी सिर्जना हुन्छ ?

**तालिका १ : नवलपरासी जिप्रका (वर्दघाट सुस्ता पश्चिम) बाट २०६९ देखि २०७५ सम्म दिइएको नागरिकताको संख्या**

| लिंग | आधार | साल | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ माघ सम्म |
| पुरुष | वंशज | ४,०४४ | ५,३१७ | ४,००९ | ४,०३३ | ३,६३२ | ३,६०७ | २,२६३ |
| महिला | वंशज | २,८०७ | ३,९०२ | ३,४४४ | ३,३९९ | ३,६१७ | ४,४७८ | २,४४२ |
| अन्य | वंशज | २ | १ | ० | ० | ० | ० | १ |
| पुरुष | अंगीकृत | १ | २ | ३३ | २ | ० | ० | ० |
| महिला | वैवाहिक अंगीकृत | ५९८ | १,१५९ | ८२६ | ८३३ | ९२७ | १,२८९ | ७३२ |

*स्रोत : जिल्ला प्रशासन कार्यालय नवलपरासी ।*

## *झन्झटिलो प्रक्रिया र असंवेदनशील कर्मचारीतन्त्र*

ग्रामीण क्षेत्रका महिलाका लागि नागरिकता प्राप्त गर्ने प्रक्रिया अत्यन्त झन्झटिलो छ । नागरिकता बनाउन बुबा र आमाको नागरिकता मात्रै पर्याप्त हुँदैन । प्रायःजसो घरको कामकाज गर्ने र जिल्ला प्रशासन कार्यालयसम्म पहुँच नहुने भएकाले उनीहरूलाई नागरिकता बनाउन आवश्यक कागजातबारे थाहा हुँदैन । उनीहरूलाई न त्यसबारे चासो राख्नुपर्ने आवश्यकता पर्छ, न त त्यसबारे कसैले जानकारी नै दिने गर्छ । आवश्यक जानकारीको अभावमा उनीहरूले आवश्यक कागजात बनाउनेतर्फ सोच्न पाउँदैनन् । त्यसैले, नेपाली नागरिक भइकन पनि नागरिकता लिने बेलामा उनीहरूले अनेक दुःख र झमेला बेहोर्नुपर्छ ।

अध्ययनको लागि कुराकानी गरिएकामध्ये सबै महिलालाई नागरिकता बनाउन कुन-कुन कागज लिएर जाने, ती कागजात कहाँ बनाउने, ती सबै काम गर्न कसबाट मद्दत लिने भन्ने विषयमा थाहा थिएन । नागरिकता लिने भनेर सम्बन्धित निकायमा पुग्दा उनीहरूले अनेक खालका प्राविधिक झमेला व्यहोरे । त्यसले कतिपयको मनोबलमा असर पार्‍यो । नागरिकता लिनुभन्दा नलिइकनै बस्न जाती भन्ने मानसिकता समेत बन्यो । तर उनीहरूलाई नागरिकता नलिइकन पनि धरै थिएन । नागरिकता लिन आवश्यक कागजातकै अभावका कारण उनीहरूले ज्यादा झन्झट बेहोर्नुपर्‍यो । जन्म दर्ता, बिहे दर्ता, सिफारिसजस्ता कागजात समेत सहज रूपमा बन्न नसक्दा उनीहरूको अप्ठेरो झन् बढ्यो ।

कर्मचारीतन्त्र र प्रशासनले कसरी काम गर्छ भन्नेबारे अनभिज्ञ रहेका उनीहरूले धेरैसँग मौखिक रूपमा निवेदन र अनुरोध गर्नुपर्‍यो, किनभने उनीहरूसँग न त परिचयपत्र थियो, न त कुनै कागजात नै । कानूनी प्रक्रियामा जान मौखिक अनुरोध र उनीहरू स्वयंको भौतिक उपस्थिति मात्रैले सरकारी निकायका प्रतिनिधिमाथि खासै दबाब पार्न नसकेको हुन सक्छ । अलमल्याउने, आलटाल गर्ने, भोलि-भोलि भन्दै वर्षौंसम्म टार्ने चलनबाट महिलाहरू निकै पीडित भए । कुनै कागजात बनाउन एक ठाउँबाट अर्को ठाउँमा पठाउने, फेरि अर्को ठाउँबाट फर्काएर पुरानै ठाउँमा पठाउने चलनबाट पनि आजित बने । एक त उनीहरूलाई नागरिकता बनाउने प्रक्रियाबारे स्पष्टसँग कहिल्यै कसैले बुझाएन । अर्को, कर्मचारीहरूले पनि प्रस्टसँग सम्झाइ बुझाइ नगरिकनै यताउति पठाउने वा काम बन्दैन भनेर फर्काइदिने गरे । कुरा बुझाउन पनि पुरुषकै खोजी गर्ने कार्यले पनि महिला स्वयं जानकारी पाउनबाट वञ्चित रहे ।

झन्झटिलो प्रशासनिक कार्यविधिका कारण बुबा नेपाली नै भए पनि छोराछोरीको नागरिकताको लागि बुबाले सहयोग नगरेको अवस्थामा एकल महिलाले आफ्नो सन्तानलाई नागरिकता दिलाउन असम्भव जस्तै छ । यसरी पति वा बुबाले सहयोग नगरेको खण्डमा घरेलु हिंसामा परेका पत्नी वा छोराछोरीले नागरिकता पाउन सकेका छैनन् । त्यसैले, नवलपरासी जिल्लाका महिला सकेसम्म सरकारी कार्यालय र सरकारी कामकाजमा जान नपरे हुन्थ्यो भन्ने ठान्छन् । यसले नेपालको सरकारी निकायको काम गर्ने शैली र प्रवृत्ति न सेवामुखी छ न त सेवाग्राही मैत्री नै छन् । आफ्ना नागरिक, खास गरी यस्ता कानूनी र प्राविधिक पक्षसँग अन्जान सेवाग्राहीप्रति सरकारी निकाय संवेदनशील छैन ।

कर्मचारीहरूमा कम पढेलेखेका वा लेखपढ नभएका वा पढेलेखेकै भए पनि कानूनी प्रक्रियासँग अनभिज्ञ रहेका महिलालाई नागरिकता पाउन अपनाउनुपर्ने प्रक्रिया र आवश्यक कागजपत्रबारे सहज र बुझ्ने गरी जानकारी दिने हद सम्मको धैर्य छैन । महिलाहरू त्यस्ता कुराको लायक छैनन् वा बुझ्दैनन्, त्यसैले यिनलाई भन्नु बेकार हो भन्ने प्रवृत्ति राखेर उनीहरू अघि बढ्छन् । त्यसले झन् समस्या निम्त्याएको छ । धेरै महिलाले एक वाक्यमा

उत्तर पाउँछन्, “काम हुँदैन ।” काम बन्न-बनाउन उनीहरू मरिमेट्न थाले भने अतिरिक्त झमेलामा फस्छन् । तैपनि उनीहरू रित्तो हात फर्किन बाध्य हुन्छन्, वा उनीहरूलाई अर्को नयाँ समस्या खेप्न बाध्य पारिन्छ । यो कुरा बिनाकुमारीको भोगाइले प्रस्ट हुन्छ ।

बिनाकुमारी क्षेत्रीको माइतीघर बुटवल उपमहानगरपालिकामा छ । घर नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिकामा । उनले पतिको दुर्व्यवहार र हिंसाबाट बच्न नवलपरासी जिल्लामा मुद्दा दर्ता गरी सम्बन्ध विच्छेद गरिन् । एक छोरा र एक छोरीको जिम्मेवारी पनि उनैले लिइन् । बिनाले पतिको नामबाट नागरिकता बनाएकी थिइन् । सम्बन्ध विच्छेदपछि पतिको नामको नागरिकता त्यागेर बुबाको नामबाट नागरिकता निकालिन् । बुबाको नामबाट नागरिकता लिने प्रक्रिया उनको लागि ज्यादै झन्झटिलो भयो । निरन्तरको प्रयासमा जिल्ला प्रशासन कार्यालयबाट बुबाको नामबाट नागरिकता लिइन् । तर कर्मचारीले नागरिकतामा “सम्बन्ध विच्छेद” भनेर लेखिदिए । उनले कर्मचारीसँग सम्बन्ध विच्छेद नलेखिदिन अनुरोध गरिन् । तर उनको अनुरोध स्वीकार्य भएन । आजसम्म कुनै पनि सम्बन्ध विच्छेद गरेको पुरुषको नागरिकतामा उनले सम्बन्ध विच्छेद लेखेको देखेकी थिइनन् । तर उनी भने त्यस्तो नागरिकता बोकेर हिँड्न बाध्य छिन् । कुनै महिलाले पतिसँग सम्बन्ध विच्छेद गरेर पतिको नामको नागरिकता त्यागेर पिताको नामबाट लिएमा त्यसमा “सम्बन्ध विच्छेद” लेख्नु जरुरी किन भएको ? कुन कानूनले त्यस्तो निर्देश गरेको छ ? कहीँ पनि छैन । यो भनेको त्यस बखत खटिएका कर्मचारीको सोचको उपज हो, जसले बिनालाई पतिबाट कानूनी छुटकारा त दियो तर सम्बन्ध विच्छेद भएकी महिला भनेर लिखित रूपमै पहिचान गरिदियो । त्यसले उनको बाँकी जीवनलाई समस्या सिर्जना गर्छ ।

त्यसमाथि, भारतसँग सीमा जोडिएको नवलपरासी जिल्लामा नागरिकता बनाउन जाने जो-कोहीलाई पनि भारतीय नागरिक हो कि भनी शंका गर्ने गरिन्छ । भारतीय नागरिक होइन, नेपाली नै हो भन्ने कुरामा विश्वास दिलाउनकै लागि पनि मौखिक तवरमा धेरै मेहनत गर्नुपर्छ । महिलाहरू आफ्नो बारेमा सरकारी अधिकारीहरूलाई बताउन सक्ने अवस्थामा नहुन पनि सक्दछन् । त्यस्तोमा कोही टाठाबाठा पुरुषको खाँचो पर्छ जसलाई सरकारी कर्मचारीले पत्याउँछ । त्यसपछि बल्ल कागजातको प्रक्रियाबारे जानकारी प्राप्त हुन्छ । नागरिकता लिने उमेरभन्दा दोब्बर-तेब्बर उमेर भइसक्दा समेत कतिपय महिलाले नागरिकता लिएका हुँदैनन् । त्यस्तोमा दोहोऱ्याएर नागरिकता लिन आएको भन्ने शंका गरिन्छ । शंकाको क्रममा सोधिने प्रश्नभन्दा प्रश्न सोध्ने चरणमा प्रदर्शन हुने कर्मचारीको व्यवहार र हेपाहा स्वभावबाट महिला आहत हुन पुग्छन्, हतोत्साही बन्छन् । सुस्मिता, जैबुन, लक्ष्मीजस्ता कैयौँ महिला ती चरणसँग संघर्ष गर्दै नागरिकताको लागि कागजपत्र जुटाउनमा दौडिए । उनीहरूको अनुभवले भन्छ, कर्मचारी आफ्ना महिला नागरिकप्रति संवेदनशील र सहयोगी छैनन् ।

### *नागरिक पहिचानको दायित्व कसको ?*

नेपालमा राजनीतिक परिवर्तन भई लोकतन्त्र, गणतन्त्र, र नयाँ संविधान २०७२ आइसकेको छ । तर नेपालको संविधान २०७२ अनुसार नागरिकता ऐन २०६३ परिवर्तन हुन सकेको छैन । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने र नेपाल सरकारले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्रदान गर्न सक्ने व्यवस्था संविधानले गरेको छ । प्रदेश र स्थानीय सरकारले नागरिकता सम्बन्धी कानूनमा केही गर्न नमिल्ने हुँदा पुरानै कानून कायम छ । नागरिकताको सवालमा स्थानीय सरकारले आफ्नो नागरिकको पहिचान गर्न सक्नुपर्छ । स्थानीय सरकारले नागरिकता विषयमा अलि लचिलो र सन्दर्भ अनुरूप विवेक लगाएर काम कारबाही गर्नुपर्छ । विवाह दर्ता र जन्म दर्ता गर्ने काम स्थानीय सरकारले गर्ने हुँदा नेपाली नागरिकको पहिचान गर्ने काम स्थानीय तहलाई दिनुपर्छ । यसको लागि केन्द्र, प्रदेश र संघबीच तालमेल हुन जरुरी छ । सोही अनुसारको ऐन-कानून र प्रक्रिया अवलम्बन गरिनु पर्छ ।

२०६३ सालमा दोलखाकी सविना दमाईले आमाको नामबाट नागरिकता पाउन सर्वोच्च अदालतमा मुद्दा दायर गरेकी थिइन् । उनको मुद्दामा सर्वोच्च अदालतले ७५ जिल्लाकै प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई परिपत्र गरी आमाको नामबाट बिनाभेदभाव नागरिकता दिनू भन्ने आदेश गरेको थियो । तर सो परिपत्र अनुकूल काम भएको छैन । अधिवक्ता मीरा ढुङ्गाना भन्छिन्, "पुरुष सीडीओहरूले आमाको नाममा नागरिकता दिन इन्कार गरेर पटक-पटक अदालतको अपहेलना र कानून उल्लंघन गरेका छन्, तिनलाई कारबाही कहिल्यै हुँदैन किनभने कारबाही गर्ने ठाउँमा सीडीओ पनि पुरुष नै छन्" (खड्का र ज्ञवाली २०७५) ।" नागरिकता दिने स्थानमा बसेका सीडीओ पनि पुरुष भएकोले समाजमा रहेका महिला र पुरुष बीचको लैंगिक विभेदका कारण आमाको नामबाट सजिलै नागरिकता दिइएको छैन ।

सविरन र नविरन नेशाले नागरिकता प्राप्त गर्न नसक्नुमा सर्वोच्च अदालतको परिपत्रको कार्यान्वयन नहुनु पनि एक कारण हो । नागरिकता प्रदान गर्ने एउटा प्रक्रिया छ । तर त्यस्तो प्रक्रियामा सबैको पहुँच पुग्न सकेको छैन, विशेष गरी महिलाको । उदाहरणका लागि, नवलपरासी जिल्लाको सुनवल नगरपालिका वडा नं. १३ बस्ने सोनम चौधरीले नागरिकताको लागि वडा कार्यालयमा पतिका विरुद्ध उजुरी गरिन् । वडा कार्यालयमा सबैको सहमतिमा विवाह दर्ता भयो । नागरिकताको फाराम समेत भरियो । उनी फाराम र बुबाको नागरिकता सहित नागरिकता लिन जिल्ला प्रशासन कार्यालय पुगिन् । अदालतमा चलिरहेको मुद्दामा मिलापत्र गरे मात्र सनाखत गरिदिने अडान उनका पतिको थियो । सो

माग पूरा गरेपछि मात्र पतिले जिल्ला प्रशासन कार्यालय पुगेर नागरिकताको लागि सनाखत गरिदिए । बल्ल सोनम चौधरीको नागरिकता बन्यो ।

सबै कागजात पेस गरे पनि पति वा पिताले महिलालाई सनाखत नगरिदिँदा अन्तिममा आएर नागरिकता नपाएका थुप्रै घटना छन् । विवाहित महिलाको हकमा पतिले र अविवाहित महिलाको हकमा पिताले सनाखत गर्नुपर्ने प्रावधानले महिलालाई झन् कठिनाइ पैदा गरेको छ । बालिग महिलाले आवश्यक कागजात पेस गरिसकेपछि पनि कुनै अभिभावकको रूपमा पुरुषकै, त्यसमा पनि पति वा पिताकै, सनाखत किन अनिवार्य सरह छ ? त्यस्तो सनाखत अनिवार्य हो भने, त्यो कामको लागि राज्यले नै सनाखत कर्तालाई जिम्मेवार बनाउनुपर्छ । आवश्यक परेको खण्डमा आफ्नो देशको नागरिकलाई राज्य विहीन नबनाउन नागरिकता दिने व्यक्ति प्रमुख जिल्ला अधिकारी समेत उक्त विषयमा विवेकशील हुनु पर्दछ ।

अधिवक्ता मित्रलाल लामिछानेको भनाइ छ, "नागरिकता विहीन व्यक्ति जो नेपाली हो, राज्यले छानबिन गरेर नागरिकता प्रदान गर्नुपर्छ । यस्तो संवेदनशील विषयमा राज्यले संरक्षकत्व ग्रहण गर्नुपर्छ ।"[१] नेपालको सीमाभित्र फेला परेको बेवारिसे बालकले नागरिकता पाउने तर नेपाली बुबाआमाबाटै जन्मेको सन्तानले नागरिकता नपाउने ? कुनै पनि आमाले यो बच्चाको बुबाको ठेगान छैन भनेमा बालकले उमेर पुगेपछि नागरिकता पाउँछ, तर बालकको बुबाको पहिचान भए पनि ऊ सनाखत गर्न आउँदैन वा मान्दैन भने राज्यले नागरिकता नदिने कुरा कहाँ सम्मको न्याय हो ? यस्ता प्रश्नको उत्तर राज्य र राज्य सञ्चालकहरूले खोज्नु जरुरी छ ।

नवलपरासीका लक्ष्मी कहार, सुस्मिता घिमिरे, चन्दा थारू, सोनम चौधरी, सविरन नेशा र नविरन नेशाजस्ता कैयौँ महिला अझै पनि महिला र पुरुष बीचको भेदभावका कारण नागरिकता लिनबाट वञ्चित छन् । नागरिकता लिनकै लागि संघर्षरत छन् । आफ्नो देशको नागरिकको हैसियतले पाउनुपर्ने अधिकार लिन पनि कहिलेसम्म संघर्ष गरिरहनुपर्ने ? नेपाली नागरिक को हो वा होइन भन्ने प्रमाण जुटाउने भार राज्यले नउठाएसम्म पिँधमा रहेकाहरू यसै गरी समस्यासँग जुधिरहनेछन् । राज्य सबैको अभिभावक हो र राज्यले अभिभावकीय जिम्मेवारी वहन गर्नुपर्छ भन्ने हो भने आफ्ना नागरिकलाई नागरिकता प्रदान गर्न प्रमाण पुऱ्याउने काममा राज्यले भूमिका निर्वाह गर्नुपर्छ । सूचना विहीन नागरिककै थाप्लोमा सबै जिम्मेवारी सुम्पिनु उचित छैन । कोही व्यक्तिले कुनै पनि कानूनी वा सरकारी कामकाजको लागि नागरिकतालाई विशेष ग्राह्यता दिने हुँदा आफ्ना नागरिकको समस्या सम्बोधन गर्न पनि नागरिकता उत्तिकै महत्त्वपूर्ण छ भन्नेतर्फ राज्यले गम्भीर भएर सोच्नुपर्छ । नागरिकता नभएकै कारण नागरिकको समस्याको सम्बोधनको पहिलो चरणमै थप समस्या र जटिलता

[१] लामिछानेसँग नेपाल बार एसोसिएसन, नवलपरासीमा मंसिर १३, २०७५ मा गरिएको कुराकानी ।

थपिने अवस्थालाई राज्यले समाधान गर्नुपर्छ । नवलपरासी जिल्ला अदालतका न्यायाधीश रीतेन्द्र थापाको भनाइ छ, “को नागरिक हो वा होइन भन्ने जाँचबुझ गर्ने काम प्रमुख जिल्ला अधिकारीको हो ।”[२] तर नागरिकता बनाउन अनेक प्रमाण जुटाउने र पुरुषकै अनुमति, सहमति र सनाखत ल्याउनुपर्ने भार जति नागरिकको भागमा सुम्पेर उनीहरूलाई नागरिकता विहीन पार्ने काम भइराखेको छ ।

राज्यले कुनै कार्यक्रम सञ्चालन गरिदिँदा मात्र पनि महिलाहरूले आफ्नो परिचयपत्र लिने गरेका उदाहरण पनि छन् । नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकाले असार २०७४ पछि जन्मेका शिशुलाई पोषण भत्ता वितरण थाल्यो । सन्तान जन्माउँदा पोषण भत्ता बापत एकमुस्ट दुई हजार रुपैयाँ दिने गरिन्छ । सो पोषण भत्ता पाउन गर्भवती हुँदा चार पटक जाँच गरेको र अस्पतालमा बच्चा जन्मेको कागज, बुबाआमाको विवाह दर्ता, भएसम्म आमाको र नभए बुबाको नेपाली नागरिकताको प्रमाणपत्र हुनुपर्ने कारणबाट महिलाहरूले विवाह दर्ता बनाउन थाले । महिला र बालबालिका केन्द्रित यस्ता केही कार्यक्रम व्यापक रूपमा सञ्चालन गरेको खण्डमा महिलाहरूले आवश्यक कागजात बनाउने अवसर र अनिवार्यतालाई आत्मसात गर्दै लानेछन् ।

राज्यभित्र नागरिकता विहीन नागरिकको विषयलाई राष्ट्रिय सरोकारको विषय बनाई सरकारलाई घचघच्याउने काम नागरिक समाजले पनि गर्दै आएको छ । नवलपरासीमा बसोबास गर्दै आइरहेका महिलालाई नागरिकता पाउन मुस्किल परिरहेको र कतिपयले अनेक कोसिस गर्दागर्दै पनि नागरिकता पाउन नसकेको सन्दर्भमा आवाज उठ्ने गरेको छ । देशव्यापी स्तरमा सञ्चालन हुने विभिन्न आन्दोलनका कार्यक्रम र अभियानले स्थानीय तहमा प्रभाव पार्ने गरेको छ । त्यस्ता बृहत् आन्दोलन र अभियान मार्फत स्थानीय तहका सरोकारवालाहरू संवेदनशील र जिम्मेवार हुन पनि झक्झकाएको छ । नागरिकताको अधिकारबारे नागरिक समाजको एक हिस्साको रूपमा रहेका विभिन्न गैरसरकारी संस्थाले काम गर्दै आइरहेका छन् । नवलपरासी जिल्लामा महिला, कानून र विकास मञ्च; कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) नवलपरासी; नेपाल बार एसोसियसनको नवलपरासी जिल्ला शाखा लगायतका संस्थाले महिला अधिकारका विषयमा विभिन्न सचेतना मूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । महिला, कानून र विकास मञ्चले बृहत् तहमा विभिन्न कारणले बुबाआमाबाट अलग हुन पुगेका नेपाली नागरिकता विहीन नेपालीहरूका तर्फबाट सर्वोच्च अदालतमा रिट निवेदन दायर गरी आमाको नामबाट नागरिकता दिलाउन सहयोग गरेको छ । केही संस्थाले पीडितहरूका लागि कानूनी सहायता समेत उपलब्ध गराउने गर्छन् ।

[२] थापासँग नवलपरासी जिल्ला अदालतमा मंसिर १३, २०७५ मा गरिएको कुराकानी ।

तर, वास्तविकता के हो भने गैरसरकारी क्षेत्रबाट जारी सहायता पर्याप्त मात्रामा छैन । थोरै महिलाले मात्र त्यस्तो सहायता पाउन सकेका छन् । महिलाहरू त्यस्ता सहायता कहाँ र कसरी प्राप्त गर्न सकिन्छ भन्ने जानकारीबाट वञ्चित छन् । नागरिकताकै लागि दौडधूप गर्ने महिलाको लागि नागरिक समाज वा गैरसरकारी संस्थाले प्रभावकारी रूपमा सहयोग गर्न सकेका छैनन् । गैरसरकारी संस्था र प्रभावित महिलाहरूबीच सम्बन्ध स्थापित हुन सकेको छैन । त्यसैले, नागरिकता विहीनताको समस्या समाधानको लागि नागरिक समाजको भूमिका थप प्रभावकारी हुन जरुरी छ । नागरिक समाज आफैले महिलाहरूलाई न्याय दिन नसके पनि न्यायमा पहुँचका लागि माध्यमको रूपमा भूमिका निर्वाह गर्न सक्छ । त्यही भूमिकालाई सशक्त बनाउन अत्यावश्यक छ ।

## निष्कर्ष

वंशजको आधारमा नागरिकता लिएका बुबाआमाबाट जन्मेका महिलाहरू नेपाली नागरिक हुन् । उनीहरूले अनेक प्रयत्नको बाबजुद नागरिकता लिन सकिरहेका छैनन्, वा धेरै लामो संघर्ष पश्चात् मात्रै नागरिकता पाएका छन् । बाल्यकालमै विवाह हुने, विवाह पश्चात् उमेर पुगे पनि नागरिकताको आवश्यकताको महसुस नहुने खालको जीवनशैली छ । जब परिवारमा कलह वा घरेलु हिंसा हुन्छ र त्यसलाई नसहने प्रण उनीहरूले गर्छन्, तब आफ्ना पहिचान वा परिचयपत्र हुनु आवश्यक रहेको अवस्थाबारे उनीहरू जानकार बन्न पुग्छन् । त्यस बेला घरपरिवार उनीहरूको विरुद्धमा भइसक्ने हुनाले नागरिकता बन्ने सहज प्रक्रियामा जान सक्दैनन् । त्यो असहज प्रक्रियामा कानूनी प्रक्रिया पनि झन् झन्झटिलो बनिदिन्छ । सबुत प्रमाण र आवश्यक कागजात जुटाउने सम्पूर्ण भार महिलामाथि थोपरिन्छ । नेपालमा बसेर विदेशीसँग विवाह गर्ने महिलाबाट जन्मेका सन्तानले मात्रै होइन, बाल्यकालमै विवाह भएर, पतिले हेला गरेर, घरेलु हिंसामा परेर घरबाट निकालिएका लक्ष्मी, जैबुन, सोनम, सुस्मिताजस्ता कैयौँ नेपालीहरूले नेपाली नागरिकबाटै जन्मेका भए पनि नागरिकता पाएका छैनन् ।

हिंसाबाट छुटकारा पाउन संघर्षमा निस्केका महिलाहरूले नागरिकता नभएकै कारण थप हिंसा र शोषण सहनु पर्ने स्थिति आउनुमा दोष कसको ? तिनै पीडित महिलाहरूको हो ? पक्कै होइन । संविधानमा भएको मौलिक हक अन्तर्गत समानताको आधारमा सन्तानलाई नागरिकता दिने सवालमा विभेद गरिनु हुँदैन । जसरी हरेक पुरुषले उमेर पुग्नासाथ नागरिकता पाउनु स्वाभाविक हो, त्यसै गरी हरेक महिलाले पनि नागरिकता पाउनु स्वाभाविक अधिकार हो भन्ने सोच र अभ्यासलाई व्यापकता दिन राज्य, सरकार, र नागरिकहरू सबैले भूमिका खेल्नु पर्दछ ।

## धन्यवाद

यो अध्ययनको लागि आर्थिक सहयोग गर्ने मार्टिन चौतारी र समन्वयकारी भूमिका निर्वाह गर्ने संस्था माहुरी होमका लक्ष्मी श्रेष्ठलाई धन्यवाद दिन्छु । यो लेख उत्पादनको हरेक चरणमा मार्गनिर्देश गरी परिष्कृत रूप दिन सहयोग गर्ने मार्टिन चौतारीका सोहन प्रसाद साह र कैलाश राईलाई विशेष धन्यवाद छ ।

## सन्दर्भ सामग्री

कान्तिपुर । २०७० । नागरिकता बनाइदेऊ भन्दा हत्या । भदौ २५, पृ. १५ ।

खड्का, घनश्याम र कृष्ण ज्ञवाली । २०७५ । संविधानमाथि प्रजिअ । *कान्तिपुर*, फागुन १८, पृ. १ ।